# तीजपर्वको सांस्कृतिक तथा सामाजिक पक्ष
# Teej Festival: Cultural and Social Aspects

*दुर्गा देवी पौड्याल*

लेख सङ्कलन
२०७९-०५-०५

समीक्षकबाट प्राप्त
२०७९-०५-१०

स्वीकृत
२०७९-०५-१५

## लेखसार

तीज नेपालभरी मनाउने हिन्दू नेपाली महिलाहरूको सबैभन्दा ठूलो चाड हो । यो पर्व भाद्रशुक्ल द्वितीयादेखि शुरू भई पञ्चमीसम्म मनाइन्छ । तीजको पहिलो दिन दरिलो खाद्य परिकारहरू अर्थात् 'दर' खाने दिन हो । भोलिपल्ट तृतीयाको दिन तीजको मुख्य दिन हो । यस दिन महिलाहरू नदीमा स्नान गरी शुद्ध भई नयाँ वस्त्र लगाई देवालयमा गई भक्तिपूर्वक भगवान शिव र पार्वतीको पूजाआजा गर्दछन् साथै दिनभर निराहार व्रत बस्छन् ।

यस पर्वको पौराणिक कथाअनुसार पर्वतराज हिमालयले आफ्नी पुत्री पार्वतीको विवाह भगवान विष्णुसंग गरी दिने निधो गरे पछि उक्त निर्णय मन नपरेको कुरा पार्वतीले साथीहरूलाई सुनाइन् । साथीहरूले उनलाई घरबाट भगाई (हरण गरी) टाढा लुकाए । पार्वतीले त्यसै स्थानमा महादेव पति पाउन इच्छा राखी शिवजीको शिवलिङ्ग बनाई भक्तिपूर्वक पूजा गर्न थालिन् । त्यसै समयमा भगवान शिव प्रसन्न भई पार्वतीलाई दर्शन दिई वरदान माग्न भनेकाले पार्वतीले आफ्नो सङ्कल्प सुनाइन् र भगवान शिवजीले पार्वतीलाई विवाह गर्ने वचन दिए पछि पार्वतीको विवाह शिवजीसंग हुन गयो । तीजलाई हरितालिका पनि भन्ने गरिन्छ । अली (साथी)हरूले हरण गरेको भन्ने अर्थमा हरितालिका भनिएको हो भन्ने भनाइ छ । तीजको दिन विवाहित महिलाहरूले आफ्नो पतिको दीर्घायुको कामना गरी व्रत बस्दछन् । यस दिनमा महिलाहरू खुशीयालीका तीज गीत गाउने नाच्ने गर्दछन् । यस पर्वमा गाउने गीतमा भगवानका भक्तिगाथा एवम् महिलाहरूको आन्तरिक पीडा एवम् मनोभावना अभिव्यक्त भएको हुन्छ । आजकाल सामाजिक विसङ्गति एवम् भेदभाव विरूद्ध जागरण ल्याउने खालका गीतहरू आउन थालेको छ र यो सकारात्मक पक्ष हो । दर खाने खुवाउने क्रममा प्रतिस्पर्धा हुन थालेकाले यो पर्व खर्चिलो बन्दै गइरहेको छ । तीजको धार्मिक सांस्कृतिक एवम् मौलिक परम्परालाई आधुनिकता एवम् आडम्बरले पछाडि पारि दिएको छ । नयाँ पिढीबाट यस्ता क्रियाकलापलाई बढावा नदीन चनाखो हुनु पर्ने देखिन्छ । हाम्रो मौलिक सांस्कृतिको जगेर्ना एवम् संरक्षण गर्ने दायित्त्व हामी सबैको हो । तीज पर्वले महिलालाई आफ्नो इच्छाअनुसारको वरसंग विवाह गर्न पाउनु पर्छ भन्ने नारी स्वतन्त्रताको सन्देशसमेत दिएको छ ।

## Abstract

Teej festival is the biggest hindu festival of Nepalese women, which is celebrated all over Nepal. The festival generally falls in August or early in September. Teej is mainly celebrated three days which are a feast day, fasting day and Rishipanchami puja. Women who go fasting next day eat a very big feast called Dar. On the fasting day women take fast and worship Lord Shiva and Parvati with sincere faith and devotion.

A popular hindu mythology tells why Teej is observed. Himalayas wanted to get married her daughter Parvati with Lord Vishnu. Parvati was not in favor of choosing Vishnu as her husband. She discussed the problem with her friends and they advised her to run away from home and keep hidden. Parvati did accordingly. She concentrated on Mahadev with deep devotion Mahadev appeared before her and promised to accept her as his wife.

Teej festival is also called Haritalika which means to be taken by one's girl friends. It is the festival that women celebrate for their prosperous marital life and long life of the husband. On this day women present themselves in red sarees with beautiful jewellery and visit the temple of Lord Shiva to offer puja. They enjoy this day by singing and dancing with Teej special songs. The songs are mostly devotional as well as women's heart feelings. Now a days women are also taking this day as an opportunity to voice their concern about social issues and discrimination. These days it is becoming expensive to celebrate Teej as the people seem to be competing for the Dar eating. The religious and cultural practices are getting neglected slowly. The new generation should be aware of this reality. It is the duty of all Nepalese citizens to preserve and maintain our cultural identity. Teej festival bring joy and strengthen bond between wife and husband as well as all family. This festival gives the message of freedom among women to choose one's life partner as Lord Parvati did in her case.

**शब्द कुञ्जिकाः** तीज, हरितालिका, नारीकेन्द्रित, दर, व्रतोपवास

## पृष्ठभूमि

विश्व संस्कृतिको उद्‌गमस्थल नेपालमा चाडपर्व मनाउने परम्परा अत्यन्तै प्राचीन रही आएको छ । नेपालका विभिन्न जातजातिहरूको चाडपर्वहरूको अध्ययन गर्ने हो भने नेपाललाई चाडपर्वकै घरको रूपमा लिन सकिन्छ । नेपाल भूगोलमा सानो देश भएता पनि यहाँ मनाइने सांस्कृतिक चाडपर्व र उत्सवको विविधताले विशाल छ । यस देशका विभिन्न जातजाति, भाषाभाषीहरूका आफ्नै मौलिक सांस्कृतिक चाडपर्व, उत्सवहरू भएता पनि विविधतामा एकता नै नेपालीहरूको विशिष्ट पहिचान पनि हो । नेपालीहरू आ-आफ्ना परम्परा जोगाउँदै सहिष्णुता र सहअस्तित्त्वका सिद्धान्तमा मिलेर समाजलाई समयसापेक्ष रूपमा आधुनिकीकरणका दिशामा अघि बढिरहेका छन् । मानिस युगौंयुगदेखि संस्कारित हुँदै आएको प्राणी हो । मानिसले आफ्ना

परम्पराहरूलाई पूर्वजहरूबाट सिक्दै आएकोले यस्ता उत्सवहरूलाई आत्मसात् गर्दै जादा तिनले चाडवाड र पर्वको स्थान लिएको हुनुपर्छ । विविध संस्कृतिबीचको सद्भाव, सहिष्णुता र आपसी आत्मीयता हामी नेपालीहरूको मौलिक विशेषता हो । प्रस्तुत सन्दर्भमा नेपालमा सदियौंदेखि मनाईंदै आएको तीज पर्व पनि एउटा महत्त्वपूर्ण पर्व हो । यस पर्वमा विवाह गरी पतिका घर गएका छोरीचेलीहरू माइतीले ल्याउछन् । यस पर्वमा माइतीमा जम्मा भएका चेलीहरू मन्दिर देवालयमा गई मनका पीडा, आफूले भोगेका दुःखसुखका घटनालाई गीतमा उतार्दै नाचेर मनोरञ्जन गर्दछन् (पन्थी, २०६८) ।

## समस्याको कथन

नेपालका चाडपर्वहरूमध्ये प्रमुख चाडका रूपमा मानिएको तीज पर्वको सन्दर्भमा ऐतिहासिक एवम् पौराणिक तथ्यका आधारमा सोधखोज गर्नु पर्ने अवस्था देखियो । त्यस्तै गरी यस पर्वबारे जनमानसमा रहेको अस्पष्टताको सम्बोधनसमेत गर्नु उचित हुने बोध गरियो । यी पृष्ठभूमिमा निम्न प्रश्नहरूको समाधान हेतु यो अनुसन्धात्मक लेख तयार गरिएको हो ।

क) तीज पर्वको ऐतिहासिक सन्दर्भ के हो ?

ख) तीज व्रतको उद्देश्य के हो ?

ग) तीज व्रतको तादाम्यता कुन व्रतसंग छ ?

घ) तीज पर्वमा गाइने गीतको मौलिक पक्षको संरक्षण र सम्बर्द्धन भएको छ त ?

## अध्ययनको उद्देश्य

क) तीज पर्वको ऐतिहासिकता एवम् परम्पराको खोजी गर्नु ।

ख) तीज पर्वको विशेषता पहिल्याउनु ।

ग) तीज पर्वको सांस्कृतिक एवम् सामाजिक पक्षलाई विश्लेषण गर्नु ।

घ) तीज पर्वको मौलिकताको जगेर्ना गर्न समस्या पत्ता लगाई सुझावहरू प्रस्तुत गर्ने ।

## अनुसन्धान विधि

प्रस्तुत लेख अनुसन्धान ढाँचामा तयार गरिएको छ । सम्बन्धित विषयका विभिन्न प्रकाशित लेखहरू, स्थानीय वासिन्दाहरूसंग लिएको अन्तर्वार्ता, आफ्ना आमा, दिदीबाट सुनेको देखेको र अनुभवका कुराहरू, प्रकाशित किताबका लेख रचनाहरू, अध्ययनकर्ताको प्रत्यक्ष अवलोकनको आधारमा अध्ययन गरी यो लेख तयार गरिएको छ ।

## तीजपर्वको ऐतिहासिकता

तीजपर्व भाद्रशुक्ल द्वितीयादेखि शुरुभई पञ्चमीसम्म मनाइन्छ । विशेषतः भाद्रशुक्ल तृतीयाको दिननै तीज हो । तीज शब्द तृतीयाबाट बन्न गएको मानिन्छ । तृतीया शब्दको 'ती' लोप भएर तृया बनेको हो । तृयाको उच्चारण जनजिब्रोले तृजे बनाउँछ, तृजेलाई पनि उच्चारण गर्दै जाँदा तृजेको स्थानमा ती बनेर क्रमशः तीजे

वा तीज शब्द व्युत्पन्न भएको मान्न सकिन्छ (जि.सी., २०७२)।

तीजपर्वलाई हरितालिका पनि भन्ने गरिन्छ। पर्वतराज हिमालयकी पुत्री पार्वतीले सानै उमेर देखिनै महादेव पति पाउँ भनी कामना गरेकी थिइन्। एक दिन पर्वतराज हिमालयका दरवारमा नारद आएका बेला राजाले पार्वतीको वरको विषयमा चिन्ता प्रकट गर्दा नारदले सबैभन्दा उत्तम वर भगवान विष्णुलाई वताए। हिमालयले विष्णुसंग विवाह गरिदिने निधो गरे तर पार्वतीलाई यो निर्णय चित्त बुझ्रेन। पार्वती शिवसंग विवाह गर्न चाहन्थिन्। पार्वतीले आफ्ना साथीहरूसंग यो कुरा बताइन् अनि साथीहरूले पार्वतीलाई हरण गरी एकान्त ठाउँमा लगि लुकाए। पार्वतीले लुकेकै ठाउँमा बालुवाको शिवलिङ्ग बनाई महादेव पति पाउँ भनी कठोर व्रत लिई पूजा आराधना गर्न थालिन्। त्यसै समयमा महादेव प्रसन्न भई पार्वतीलाई दर्शन दिए। पार्वतीले आफ्नो मनोकाङक्षा बताइन् र महादेवले तथास्तु भनी वचन दिए यसरी पार्वतीको विवाह महादेवसंग हुन गयो। महादेवले आफूलाई पार्वतीका पतिको रूपमा स्वीकार गरेको दिन भाद्र शुक्ल तृतीयाको दिन थियो।

अली (सखी) हरूले सुरक्षा दिएर हरण गरिएको हुनाले हरत+आलिका अर्थात् आलिकाहरूले हरण गरेको भन्ने अर्थमा यो पर्वको नाम हरितालिका रहन गएको भन्ने भनाइ पनि रहेको छ (पन्थी, २०६८)। पार्वतीको प्रतिमा हरितालबाट पहेंलो रङ्गमा रङग्याइन्थ्यो यसबाटनै हरितालिका नाम रहन गएको अनुमान गर्न सकिन्छ (काणे, १९९६)। हरितालिका व्रतबारे पश्चात्कालीन मध्यकालिक निबन्ध, यथा निर्णयसिन्धु, व्रतार्क, व्रतराज एवम् अहल्याकामधेनुमा वर्णन गरिएको छ (काणे, १९९६)। हरितालिका (तीज) र स्वस्थानी व्रतमा तादाम्यता रहेको कुरा ग्रन्थबाट ज्ञात हुन आएको छ। अहिलेसम्म प्राप्त जतिपनि स्वस्थानी ग्रन्थहरू छन् तिनीहरूमध्ये सर्वप्राचीन मानिएको नेपाल सम्वत ६९३ को स्वस्थान परमेश्वर्या व्रतकथा नामको हस्तलिखित ग्रन्थमा स्वस्थानी परमेश्वरी देवीको प्रतिमा लक्षण वर्णन गरिएको छ। उक्त ग्रन्थमा वर्णन गरिएअनुसार स्वस्थानी परमेश्वरीको प्रतिमा लक्षणसंग जगदम्बा पार्वतीको विविध स्वरूपका प्रतिमाहरूको प्रतिमा लक्षण मेल खाएको हुँदा यी देवी पनि शिवकै शक्तिस्वरूपा पार्वतीकै एक रूप हुन् भन्नु मनासिबै लाग्दछ। त्यस्तै सो ग्रन्थमा स्वस्थानी परमेश्वरीको व्रत बस्दा महादेव-पार्वती दुवैको प्रतिमालाई संगै राखी पूजा गर्नु पर्दछ भनी उल्लेख गरिएकाले स्वस्थानी जगदीश्वरी र हिमसुता पार्वती दुई भिन्न देवी नभई एउटै हुन् भन्ने यथार्थताको परिचय मिल्छ। हनुमानढोका तलेजु मन्दिर पछाडि राजा प्रताप मल्लद्वारा प्रतिष्ठापित स्वस्थानी परमेश्वरीको शिलामूर्तिमा महादेवको मूर्ति पनि संगै निर्मित गरिएको पाइएबाट उक्त कुराको पुष्टिमा टेवा मिल्छ (जोशी, २०६०)।

## तीजपर्वको परम्परा

तीजपर्व विश्वभरका हिन्दू महिलाले मनाउने महत्त्वपूर्ण पर्व हो। नेपालमा मनाइने महत्त्वपूर्ण चाडपर्वहरूमध्ये यो पर्वको आफ्नै विशिष्ट पहिचान रहेको छ। सृष्टी र समाज चल्नको लागि महिलाहरू विवाह पश्चात आफ्नो पतिको घरमा बसी जीवन बीताउनु पर्ने हुन्छ। यसरी आफू जन्मेको घर, मातापिता, दिदी बहिनी, दाजु भाइ, इष्टमित्रलाई छोडी पराई घरमा जीवन बिताउँदा आउने माइतीको यादलाई कमी गर्ने अवसरको रूपमा तीजपर्व रहेको छ। यस पर्वमा माइती पक्षले विवाहित छोरीलाई सारी, चुरा, पोते आदि सौभाग्यका सरसामानहरू पठाइ दिने चलन छ (Anderson, 1988)। तीजमा विवाहिता महिलाहरूले आफ्नो पतिको

दीर्घायुको कामना गर्दै व्रत बसी नाचगान र मनोरञ्जन गर्दछन् भने अविवाहितले आफूलाई सुयोग्य वरको आशा राखी व्रत बस्दछन् । व्रतको यस दिन महिलाहरू पानी पनि नखाई व्रत बस्नु परम्परागत मान्यता रहेको भए पनि कतिपय महिलाहरू महादेवको पूजा आराधना पश्चात् फलफूल ग्रहण गर्दछन् । तीजपर्व भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म विशेष रूपले चार दिनसम्म मनाइन्छ । तीजको अघिल्लो दिन द्वितीयालाई 'दर' खाने दिनको रूपमा लिइन्छ । दरखाने दिनमा चेलीहरू माइती पक्षमा भेला भई दूध, दही, मिठाइ र घ्यूमा पकाएका मिठामिठा परिकारहरू खाने गर्दछन् । अर्को दिनको निराहार व्रतको लागि शक्ति प्राप्तिको लागि दरिला खाद्य परिकार खाने चलन छ । तृतीयाको दिन तीज पर्वको मुख्य दिन हो । यस दिन विवाहित महिलाहरू पतिको दीर्घायु तथा अटल सौभाग्यको कामना गरी व्रत बस्छन् भने अविवाहित महिलाहरूले सुयोग्य वरको आशा राखी व्रत बस्छन् । महादेव (शिव)लाई पतिको प्रतीक मानी पूजा आराधाना गर्ने परम्परा छ । यस पर्वको सांस्कृतिक पक्षमा मन्दिर मन्दिरका खुला मञ्चमा अथवा बाटाबाटा दोबाटामा पनि बिभिन्न लय शैलीका, आफ्नै भावनाका भजनकीर्तन, गीतहरू घन्टौंसम्म कसरी गाउन सक्दा रहेछन् अनि बाटुले कम्मर लर्काइ फर्काई हातखुट्टाका मुद्राहरू प्रदर्शन गरी आफ्नैपनको लोकनाचहरू विना थकावट उत्साहपूर्वक घन्टौसम्म कसरी नाच्न सक्दा रहेछन् भन्ने ज्वलन्त उदाहरण पनि प्राप्त हुन्छ । यो विशेषता नेपाली महिलाका नैसर्गिक आभूषण हुन् (जोशी, २०७३) । तीज गीतको विशेष लयको छुट्टै पहिचान छ । तीज गीतको अध्ययन गर्दा यसमा संगीत र नृत्यको सामन्जस्यता पाइने, भाषागत सरलता रहने, स्थानीय भाषाको प्रयोग हुने, तत्कालै शव्द टिपेर गीतका टुक्का गाउन सक्ने, थेगोको प्रयोग पाइने विशेषता भेटिन्छ । पहिलेका गीतहरूमा छोरीचेलिका मर्म लुकेका हुन्थे, गीतबाट यथार्थता झल्किन्थ्यो । पुरुषहरू आफ्नै नातेदार मात्र हुन्थे, अश्लील शव्दहरू सुनिदैनथ्यो । आजकालका गीतहरूमा उत्तेजित शव्दहरू मिसाई आधुनिकता झल्काउने गरेको पाइन्छ । अरु गीत र तीज गीतमा के अन्तर छ भन्ने कुराको हेक्का गरिएको पाइदैन । जुन पर्व हो त्यसै संग मेल खाने शव्द चयन भएको भेटिंदैन । तीजको सामाजिक र सांस्कृतिक महत्त्वको पाटो भन्दा व्यवसायिक पाटोलाई बढी ध्यान दिंदा विकृतिले प्रश्रय पाएको छ । तीजको भाका र शब्द फेरिंदै गएकोले यसको मौलिकता संकटमा परेको छ ।

तीजको समयमा गाइने आध्यात्मिक र मनका भावना समेटिएका केही मौलिक गीतहरू प्रस्तुत गरिएको छ ।

क) ऋषिकेश देवताले हातजोडी बसेका
कस्ले गर्ला वरिलै देवताको ध्यान ।
फूलबारीमा जाउँला फूलका माला गासौंला
हामी चेली गरौंला देवताको ध्यान ।

ख) सानो सानो कुसुमे रुमाल
फाटी सक्यो कति साबुनले धोईरहने हो ।
मलाई लाग्यो आमाको माया लाग्यो भनेर
कति सम्झेर रोइरहने हो ।

ग) वर्ष दिनको तीजमा बाबा लिन नआउँदा
असारे झरी झैं रुन्छ मेरो मन ।
वर्ष दिनको तीजमा आमा लिन नआउँदा



असारे झरी झैं रुन्छ मेरो मन ।
वर्ष दिनको तीजमा दाजु लिन नआउँदा
असारे झरी झैं रुन्छ मेरो मन ।

व्रतको समयमा महिलाहरू साँझ महादेवको पूजा गर्ने, व्रत कथा सुन्ने र समापन पूजामा ब्राम्हण बोलाई पूजा गरी दक्षिणा दिने चलन छ । तीजको व्रत अन्य व्रतभन्दा फरकढङ्गले लिने परम्परा छ । यस व्रतमा सक्नेले पानीसम्म पनि नपिई निलाहार व्रत बस्ने र नसक्नेले पूजा उपासना गरी फलफूल ग्रहण गर्ने गर्दछन् । पात्रोअनुसार कहिले काहीं चतुर्थी र पञ्चमी एकैदिन परेको हुन्छ । पञ्चमी नपरेको चतुर्थीको दिनलाई पारन भनिन्छ । यस दिनमा महिलाहरू आरामगर्ने र पञ्चमी पूजाको तयारी गर्ने गर्दछन् । पञ्चमीका दिन सप्तऋषि र अरुन्धतीको पूजा उपासना गरिन्छ । यस दिन महिलाहरू बिहानै नदी खोला किनारमा गई ३६५ वटा अपाङ भन्ने दतिवनले दाँत माझ्ने र स्नान गर्ने गर्दछन् । यसबाट रजस्वलाको समयमा अज्ञानतापूर्वक हुने स्पर्शको दोषबाट मुक्ति पाइन्छ भन्ने विश्वास छ (Majupuria & Gupta, 1981) । गाउँघरमा अझै पनि कृष्ण अष्टमीलाई सानो तीजको रूपमा मनाउने चलन छ । कृष्ण अष्टमीको अघिल्लो दिन दिदी बहिनी, छोरीचेलीहरूलाई माइतीमा बोलाई दरखुवाउने प्रचलन छ । पाल्पा भेगका महिलाहरू अष्टमीको दिन व्रत बसी कृष्णमन्दिरमा गई वासुदेव देवकी, राधा, गोपिनीहरूसंग सम्बन्धित भजन, गीत गाउने गर्दछन् । त्यस बेलाका गाइने गीत तल प्रस्तुत छ ।

बुधबार अष्टमी त रोहिणी रहिछन् नक्षत्र
कृष्ण भगवानको जन्म भयो ।
बढे बालै हलहली यसोधाको काखमा
मोहनी बढ्दै गयो माथमा ।

भौगोलिक आधारमा तीजपर्व मनाउने परम्परामा केही भिन्नता देखिन्छ । भारतमा हातमा हरियो मेहन्दी, हरियो चुरा पोते, हरियो बस्त्र लगाई मनाउने गर्दछन् । नेपालमा रातो सारी, राते धागो, रातो चुरापोते, रातै बस्त्रहरूमा सजिएर मनाएको पाइन्छ । नेपालमै पनि तीज गीत र मनाउने शैलीमा भिन्नता देखिन्छ । सुदूर पश्चिम र पूर्वको तीज गीतको भाषा र स्वर लयमा केही भिन्नता छ ।

## तीज पर्वका विशेषताहरू

### क) महिला केन्द्रित पर्व

वास्तवमा तीज महिला केन्द्रित पर्व हो । धार्मिकरूपमा व्रतोपवास र ऋषिपञ्चमी पूजा गरेर तथा अभिव्यक्तिका रूपमा गाएर नाचेर यो तीजपर्वको महत्त्वलाई जीवन्त राख्ने काम नेपाली महिला समुदायले परम्परा देखिनै गरी आएको देखिन्छ । पराइका घरमा गएकी छोरीले घरमा भोगेका दुःखकष्टहरू माइतमा आएर फुकाउने र मानसिक पीडाहरू कम गराउने अवसरको दिन पनि भएकाले यस बेलामा छोरीचेलीलाई माइतमा बोलाउने परम्परा अझसम्म कायमै छ ।

## ख) व्रतोपवासको पर्व

तीजको विशेषता व्रतोपवास पनि हो । हिन्दू विवाहित नारीहरू तीजपर्वका दिन पतिको दीर्घायुको कामना गर्दै र अविवाहित नारीहरू मनले चाहे जस्तो सुयोग्य वरको कामना राखी निराहार वा जलाहार व्रत उपवास बस्ने गर्द छन् ।

## ग) खानपानको पर्व

यस पर्वमा आफ्ना चेलीवेटीहरूलाई बोलाई सम्मान र सत्कारका साथ दर खुवाउने गरिन्छ । दरमा दूधमा बनेका परिकार, मिठाइ र घिउमा पकाएको भात, तरकारी, अचार फलफूल आदि खुवाउने चलन छ । पहिले मासुका परिकार भोजनको प्रचलन थिएन तर आजभोलि मासुलाई पनि समावेश गर्न थालिएको पाइन्छ ।

## घ) वस्त्र र आभूषणको पर्व

तीज पर्व महिलाहरूको पर्व भएकोले यस पर्वको अवसरमा महिला दिदी बहिनीहरू माइती घरमा जाने र आफ्ना संगिनीहरूसंग भेटघाट गर्ने दुःखसुखका कुराहरू आदान प्रदान गर्ने गर्दछन् । यस समयमा उनीहरू स्वभावले उल्लासित देखिन्छन् । यस अवसरमा राम्रा राम्रो लुगा तथा गहनाहरूले सजिसजावट हुने प्रचलन छ । यस अवसरमा लगाइने गरगहनाहरूमा हातमा बाला, शिरमा श्रीफूल, चन्द्रमा, तिलहरी, नौगेडी, पोते, घाँटीमा मंगलसूत्र, पाउमा पाउजेब आदि पर्दछन् । तीज पर्वमा विशेषत् रातो सारी लगाउने प्रचलन छ । रातो वस्त्रलाई सौभाग्यको बस्त्रको रूपमा लिने गरिन्छ ।

## ङ) सद्भाव एवम् सामाजिक एकताको पर्व

समसामायिक संस्कृतिक आधार बनाएर विश्लेषण गर्दा यो सामाजिक सद्भाव तथा एकताको पर्व हो । तीज पर्व विशेष गरेर हिन्दू धर्मावलम्बीहरूले त्यसमा पनि व्राम्हण, क्षेत्री सम्प्रदायका महिलाहरूले प्राथमिकतामा राखे पनि अहिले सबै सम्प्रदायका महिलाहरूको साझा पर्व बनेको छ । विभिन्न समुदायका महिलाहरू आकर्षक भेषभूषामा सजिएर तीज मनाउन आकर्षित हुँदै गएको पाइन्छ । तीज गीतको प्रसंगमा नारी जागरण एवम् लैङगिक समानताका विषयहरू गीतका माध्यमबाट व्यक्त हुन थालेबाट पनि तीजपर्व सामाजिक सद्भाव एवम् एकता बढाउने राष्ट्रिय पर्वको रूपमा स्थापित हुन पुगेको छ ।

## च) तीजको मनोवैज्ञानिक पक्ष

तीजपर्वको अवसरमा माइती र चेलीवेटीलाई वर्षमा कम्तीमा एक पटक पुनर्मिलन हुने अवसर जुट्दछ । निश्चित तिथिमा मनाउने प्रचलन भएकोले तीजमा माइत जानु पर्छ, माइत पठाउनु पर्छ भन्ने मनोविज्ञान बनेको छ । तीजमा माइत गएर मिठा मिठा परिकार खाने, नाचगान गर्ने रमाइलो गर्ने भन्ने मनोवैज्ञानिक सन्देश तीज पर्वको हो । आफ्नो जीवनसाथी आफैले रोज्न पाउनु पर्छ भन्ने नारी स्वतन्त्रताको सन्देश नारी जगतलाई दिएको छ । यो तीज पर्वको मनोवैज्ञानिक विशेषता हो ।

## छ) तीज पर्वको सांस्कृतिक पक्ष

तीज विशेषत हिन्दू महिलाहरूको सांस्कृतिक पर्व हो । सांस्कृतिले मानव समुदायको परम्परादेखि वर्तमान सम्मको जीवन पद्धतिलाई अभिव्यक्त गरिरहेको हुन्छ । तीजको सांस्कृतिक पक्ष त माइती र छोरीचेली बिचको पुनर्मिलनसंग सम्बन्धित छ । दुःखसुख साटासाटको प्रसङ्गलाई गीत सङ्गीतको माध्यमबाट व्यक्त गर्ने कला संग सम्बन्धित छ । तीजको सांस्कृतिक पक्षसंग तीज व्रत उपवास, ऋषिपञ्चमी पूजा, छोरीचेलीलाई निम्ता एवम् पुनर्मिलन, पारिवारिक दुःखसुखहरू, नारी अधिकार र जागरणमा आधारित गीतका साथसाथै राधाकृष्ण, सीताराम, शिवपार्वती संग जोडी विशेष लयमा भजन गीत गाउनु नाच्नु यस पर्वको सांस्कृतिक पक्ष हो ।

## छलफल र निष्कर्ष

हाम्रा चाडपर्व उत्सव जात्राहरूले नेपाललाई विश्वमा नै चिनाएका छन् । यी पर्वहरू पौराणिक, धार्मिक, ऐतिहासिक र सामाजिक मान्यताहरूबाट वर्षौंदेखि चल्दै आएका हुन् । यसमध्ये अलि फरक विशेषता भएको पर्व तीज हो । यो विशेषत महिला केन्द्रित पर्व भएकोले महिलाहरूले चोखो मिठो परिकार खाने, व्रत बस्ने पूजा आराधना गर्ने नाचगान गरेर अत्यन्तै हर्षोल्लासका साथ मनाउने गर्दछन् । तीजको गीतमा आफ्ना अधिकार तथा वेदनाका कुराहरू समेटिएका हुन्छन् । यसले महिलालाई सशक्त बनाएको छ । यी कुराहरू तीजको सकारात्मक पक्ष हो । आज पनि ग्रामीण क्षेत्रहरूमा महिनौदेखि तीजको पर्खाइ हुने गर्छ, चेलीलाई मात्र होइन माइतीपक्षका लागि पनि किनभने यो चेली र माइतीको आपसी प्रेम र सद्भावको पर्व हो । चेली माइत जान नपाउँदा दुःखी हुने मात्र होइन, चेली माइत नआउँदा माइतीलाई पनि उत्तिकै पीडा हुने गर्छ । छरिएर रहेका चेलीबेटी जम्मा भएर आपसमा दुःखसुख विसाउन, पारिवारिक झमेलाबाट केही दिन भए पनि मुक्त भएर रमाउने परम्परा कायमै छ । त्यहाँको तीजमा विकृति विसङ्गति र तडक भडक देखिदैन ।

तीजपर्वबारेमा केही सकारात्मक पक्षहरू पनि देखिएका छन् । आजकल संचार माध्यममा कलाकारहरूको ध्यान तीज संस्कृति प्रति बढ्दो छ । तीजको मौलिक पक्ष स्वर सङ्गीत भाषा लय आदिलाई संरक्षण र सम्बर्द्धन गरिनु पर्दछ । बदलिदो परिस्थितिअनुसारका विषयवस्तुमा आधारित रही रचना गरिएका तीज गीतहरू सञ्चार माध्यममा प्रशारण गरिएका सुनिन्छन् देखिन्छन् तर कतिपयमा अश्लीलता र उच्छृङखलताले सिमा नाघ्न खोजेको आभाष पनि हुन्छ ।

तीजपर्वको जति महत्त्व र लोकप्रियता छ त्यतिनै समस्या र चुनौतीहरू पनि देखिएका छन् । तीज गीतमा गाउने मौलिक लय भाका भाषाशैली आदिलाई नयाँ पुस्ताहरूले समेट्न सकेका छैनन् । हाम्रा आमा हजुरआमाहरूले गाउने गीतहरूमा जति मौलिकता, धार्मिकता पाइन्थ्यो त्यो पुस्तान्तरण हुन सकेको छैन । यस महत्त्वपूर्ण पर्वमा मिठोमिठो खानु नाचगान गर्नु, भेटघाट गर्नु, नयाँ आकर्षक कपडाहरू लगाउनु संगिनीहरू एवम् माइतीहरूको बीचमा सद्भाव आत्मीयता बढाउनु राम्रो कुरा देखिन्छ । व्रतको समयमा सक्नेले निर हार, नसक्नेले जलाहार, फलफूल खानु राम्रो हुन्छ । दर खाने नाममा महिनौ दिनदेखि होटल, पार्टी प्यालेसमा जम्मा भई अशुद्ध मानिएका खानाहरू खानु, पेय पदार्थहरू पिउनु, तडकभडक देखाउनु, धनी र गरीब बीचको खाडल उत्पन्न गराउनु, मौलिकता हराउनु राम्रो कुरा होइन ।

पर्वलाई मनाउने नाममा सबैलाई स्वभाविक हुने किसिमले मितव्ययी तरिकाले मनाउन सकियो भने मात्र त्यसबाट सकारात्मक सन्देश प्रवाह हुन्छ। अन्तमा, मौलिक सांस्कृतिक पहिचान बोकेका पर्वहरू उल्लासपूर्वक मनाइने वातावरण बनिरहनु पर्छ। आधुनिकतासंगै देखिएका विकृति विसङ्गति हटाउदै स्वस्फूर्त रूपमा यस्ता पर्व र उत्सवले निरन्तरता पाइरहनु पर्छ ताकि भावी पुस्ताहरूले ती पर्व र उत्सवलाई आफ्नो सांस्कृतिक पहिचानको रूपमा ग्रहण गर्न सकोस्।

## सन्दर्भ सामग्रीः

काणे, डा. पाण्डुरंग वामन. (१९९६). *धर्मशास्त्रका इतिहास चतुर्थ भाग.* लखनउः उत्तर प्रदेश हिन्दी संस्थान।

जि.सी., झपेन्द्र. (२०७२). *तीजपर्वको संस्कृतिक अध्ययन.* काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान।

जोशी, सत्यमोहन. (२०७३). *नेपाली चाडपर्व.* ललितपुरः साझा प्रकाशन।

जोशी, हरिराम. (२०६०). *नेपालका चाडपर्व.* ललितपुरः जोशी रिसर्च इन्स्टिच्यूट।

पन्थी, किरण. (२०६८). *नेपालका चाडपर्वहरू.* काठमाडौंः पैरवी प्रकाशन।

शर्मा, डा. ऋषिप्रसाद. (२०६३). *नेपालका राष्ट्रिय चाडपर्व.* काठमाडौंः रत्न पुस्तक भण्डार।

Anderson, Mary M. (1988). *The Festival of Nepal*. Delhi: Rupa & Co.

Deep, Dhruba Krishna. (1982). *The Nepal Festivals*. Kathmandu: Ratna Pustak Bhandar.

Majupuria, Trilok Chandra & Gupta, S. P. (1981). *NEPAL The Land of Festivals*. New Delhi: S. Chand & Company Ltd.